# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १२ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बङ्गालकी वित्तमन्त्री चन्द्रिमा भट्टाचार्यले बर्ष २०२५-२६ का लागि कुल ३.८९ लाख करोडको बजेट प्रस्तुत गर्नुभयो।
२. आज देशमा संत रविदासको जयंती मनाईदैछ । राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्री, भाजपा अध्यक्ष सहित बिभिन्न नेत्रित्वहरुले गरे उहाँलाई स्मरण गर्नुभयो।
३. माघी पूर्णिमाका पावन अवसरमा आज गङ्गासागरमा लाखौं भक्तजनको पवित्र स्नान गरेका छन।
४. पश्चिम बङ्गालमा मनरेगा अन्तर्गत २५ लाख 'नक्कली जब कार्ड' हटाइएको केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणको दाबीलाई तृणमूल कंग्रेसले अस्वीकार गरेको छ।
५. हाउजिङ फर अल योजनामाथि खरसाङमा धेरै विरोध अनि विवाद भइरहेको समय खरसाङ नगरपालिकाले एक भिडियोमार्फत आधिकारिक बयान जारी गरेको छ

**बजेट**

पश्चिम बङ्गालकी वित्तमन्त्री चन्द्रिमा भट्टाचार्यले बर्ष २०२५-२६ का लागि कुल ३.८९ लाख करोडको बजेट प्रस्तुत गर्नुभयो। बजेटमा समाज कल्याण, ग्रामीण विकास र पूर्वाधारलाई प्राथमिकता दिइएको छ। यसका साथै ग्रामीण सडक विस्तार, नदी कटान नियन्त्रण र कृषि क्षेत्रको सुदृढीकरणका लागि सरकारले विभिन्न नयाँ योजनाघोषणा गरेको छ। यी परियोजनाहरूका लागि महत्त्वपूर्ण वित्तीय आवंटन गरिएको छ, जसले राज्यका गाउँहरूमा यातायातमा सुधार गर्ने र किसानहरूलाई अझ अधिक सहयोग प्रदान गर्ने अपेक्षा गरिएको छ। यसैगरी वित्तमन्त्री भट्टाचार्यले राज्यका लाखौं कर्मचारी र पेन्सनभोगीका लागि महँगी भत्ता (डीए) मा चार प्रतिशत वृद्धि गर्ने घोषणा गर्नुभयो जो वृद्धि 1 अप्रैल, 2025 बाट लागु हुनेछ। महँगी भत्तामा यो वृद्धिसँगै राज्य सरकारका कर्मचारीहरूले मुद्रास्फीतिको बढ्दो प्रभावबाट केही राहत पाउने अपेक्षा गरिएको छ। सामाजिक कल्याणसँगै राज्यको आर्थिक अवस्थालाई मजबुत बनाउन बजेटमा महत्वपूर्ण व्यवस्था गरिएको सरकारले जनाएको छ।

****** ० ******

**रविदास जयंती**

आज देशमा संत रविदासको जयंती मनाईदैछ । उहा 14 औ शताब्दीका महान संत हुनु हुन्थ्यो । उहाका अनुयायीहरु प्रतेक वर्ष माघी पूर्णिमामा वाराणसीको सीर गोवर्धनपुरमा **श्री गुरु रविदास जन्मस्थान मंदिरमा** उहाको जयन्ति मनाउना भेला हुन्छन। यसैबीच राष्टपति दौपदी मुर्मु प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री, भाजपा अध्यक्ष सहित बिभिन्न नेत्रित्वहरुले ले संत रबिदासको जन्म जयन्तीमा उहाँले श्रद्धाञ्जली अर्पण गर्नुभयो।

****** ० ******

**माघी पूर्णिमा**

माघी पूर्णिमाका पावन अवसरमा आज गङ्गासागरमा लाखौं भक्तजनको पवित्र स्नान गरेका छन। माघ पूर्णिमाको शुभ साइत हिजो साँझ ६ बजेर ५५ मिनेटदेखि आज साँझ ७ बजेर ६ मिनेटसम्म रहने जोत्यिस बिज्ञानले बताएपछि हिजो दिउँसोदेखि नै गङ्गासागरमा स्नान गर्न भक्तजनको भीड लागेको थियो भने पश्चिम बङ्गालका विभिन्न जिल्लाहरूबाहेक अन्य राज्यहरूबाट पनि ठूलो संख्यामा तीर्थयात्रीहरू यहाँ आएका थिए। भक्तजनको सुरक्षा र सुविधालाई ध्यानमा राखेर प्रशासनले सम्पूर्ण क्षेत्रलाई कडा

सुरक्षा व्यवस्थामा राखिएको थियो भने तीर्थयात्रीलाई गङ्गासागरसम्म पुऱ्याउन यातायातको व्यवस्था गरिएको थियो।यसका साथै समुन्द्री किनारा सफा राख्नका लागि समुन्द्री रक्षकहरु पनि तैनाथ गरिएको बताइएको छ।

****** ० ******

**राशन भ्रष्टाचार**

राशन भ्रष्टाचार मामिलामा प्रवर्तन निदेशालय (ईडी) पुन एकपटक सक्रिय भएको छ। ईडीका अधिकारीहरूले आज बिहानदेखि नै यस घटनाको अनुसन्धानको सिलसिलामा हावड़ाका तीन स्थानमा खोजी अभियान चलाएको तथा व्यापारीका घर तथा गोदामको पनि खानतलासी भइरहेको थाहा लागेको छ

****** ० ******

**फर्जी जॉब कार्ड**

पश्चिम बङ्गालमा मनरेगा अन्तर्गत २५ लाख 'नक्कली जब कार्ड' हटाइएको केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणको दाबीलाई तृणमूल कंग्रेसले अस्वीकार गरेको छ। एक सोसियल मिडिया पोस्ट गर्दै पार्टीले उक्त दावी गलत भएको र केन्द्र सरकारले पश्चिम बङ्गाललाई निशाना बनाएको बताएको छ। केन्द्रीय वित्त राज्यमन्त्री साध्वी निरञ्जन ज्योतिको जवाफ उद्धृत गर्दै तृणमूल कंग्रेसले सन् २०२१–२२ र २०२२–२३ को दुई वित्तीय वर्षमा ५ हजार ६ सय ५१ वटा नक्कली जब कार्ड मात्र डिलिट गरिएको जनाएको छ भने पश्चिम बङ्गालको आँकडा उत्तर प्रदेश, उडिसा, मध्य प्रदेश र बिहारको तुलनामा धेरै कम रहेको तृणमूल कंग्रेसले जनाएको छ ।

****** ० ******

**हाउजिङ फर अल २**

हाउजिङ फर अल योजनामाथि खरसाङमा धेरै विरोध अनि विवाद भइरहेकोले समय खरसाङ नगरपालिकाले हाउजिङ फर अलमाथि एक भिडियोमार्फत आधिकारिक बयान दिएका छन् । उनीहरूले १०५ जना लाभार्थीहरू जसले समय अनि क्राइटेरिया अनुसार घर बनाए, उनीहरूको खातामा सरकारले पठाएको ५० लाख रुपियाँ हालिएको बताउदैँ अन्यको जियो ट्यागिङ (Geo Tagging ) चलिरहेको अनि यो कार्य सकिन साथ सूची कोलकाता पठाइने जानकारी दिएका छन् ।

****** ० ******

**हाउजिङ फर अल १**

खरसाङ नगरपालिकामा हाउजिङ फर अल योजनाको लाभार्थीहरु आज खरसाङ नगरपालिकामा कुन आधारमा पैसा पसेको भन्ने विषयमा सोधपुछ गर्नलाई गएको जानकारी प्राप्त भएको छ। यसै विषयलाई लिएर खरसाङ नगरपालिकाको हाउजिङ फर अल योजनाको लाभार्थीहरुले आज पत्रकार सम्मेलन गरेर जानकारी गराएका छन भने खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान र गोबिन्द अधिकारीसित भेटेर कुराकानी गरेको जानकारी गराएका छन्।

यसै साथै पत्रकार सम्मेलनमा गोर्खा युउथ् एक्टिभिष्ट नेटवर्कको सदस्य रामकृष्ण शर्माले हाउजिङ फर अल योजनाको लाभार्थीहरुलाई लिएर काम गरिरहेको र अन्य नगरपालिकाबाहेक खरसाङमा मात्र किन लापरवाही भनी प्रश्न गरेका छन्। उनले लाभार्थीहरुलाई लिएर महकुमा शासक समक्ष गएको, सम्बन्धित सबै निकायहरुमा पत्राचार गरेको साथै यस योजनाको रकम विषयमा बुझ्नलाई कोलकाता र दिल्ली पनि गएको बताउँदै गत 10 फरवरीमा अनशन पनि बसेको बताएका छन्। शर्माले अनशन उठेको रात नै पैसा पसेको सुन्नमा आएको तर कुन आधारमा पैसा पसेको हो हामी पारदर्शिता चाहान्छौं भनी मांग गरेका छन्।

****** ० ******

**अजय एडवर्ड्स**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख, अजय एडवर्ड्सले आफ्नो फेसबुक पेज मार्फत जि टि ए प्रमुख कार्यपाल अनित थापालाई बारम्बार धेरै विषयहरु माथि गरेको पत्रचारको जवाफ अनित थापाले आजसम्म नदिएकोमा कडा आपत्ति जनाएका छन। एडवर्ड्सका अनुसार हाल केही दिनअघि मिरिकमा 5 डेसिमल पर्जापट्टा, न्युनतम ज्याला, 20% पुजा बोनस, जस्ता मुद्दाहरूलाई केन्द्रित गर्दै आयोजन गरिएको विशाल जुलुस साथै सभा पछि पनि उनले सोही विषयहरू बारे अनित थापालाई अवगत गराउँदै 10 फेब्रुअरीको दिन पत्रचार गरेको थिए यदापी हालसम्म यसको जवाब नआएको उहाको भनाई छ यसका साथै यसपटक पनि जवाफ नआए अजय एडवर्ड्स स्वयं अनित थापा जहाँ-कहाँ पनि रहन्छ त्यही ठाउँमा पुग्ने उहाँको भनाई छ ।

****** ० ******

**जीटीए आइडल**

सुचना एंव सांस्कृतिक बिभाग जिटिएद्वारा आयोजित जीटीए आइडलको रिम्बिक लोधोमा समष्टिको अडिसन आगामी 14 फरवरीको दिन प्रथम चरण अन्तर्गत गाला राउण्ड अनि पियानो राउन्ड सम्पन्न हुनेछ भने पहिलो चरणमा पाँच जना उत्कृष्ट गायक गायिकालाई चयन गरिनेछ भने ती शिर्ष पाँचवाट केवल एकले प्रतियोगिताको ढाँचा अनुसार अर्को चरणमा समष्टिलाई प्रतिनिधित्व गर्नेछ। चयनित पाँच गायक गायिकाहरुबिच दोस्रो अडिसन 24 फरवरीको दिन हुनेछ।

****** ० ******

**३० प्रतिशत जमीन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका श्रमिक संगठनका अध्यक्ष जे बी तामाङ अनि महा सचिव भारत ठकुरीलाई जनताको प्रतिक्रिया हेर्ने र पढ्ने कटाक्ष इण्डियन गोर्खा जनशक्ति फ्रन्टका भातृसंगठनका मुल सचिव जतन राईले गर्नुभएको छ । उहाँले आफ्नो पार्टीको नेता अजय एडवर्डलाई अपनाउनु न अपनाउनु भन्ने कुरो जनताले नै निर्णय लिने तर ३० प्रतिशत जमीन पुँजीवादलाई दिनु भनेको हाम्रो भूगोल, इतिहास, सबै सर्वनाश पार्नु रहेको बताउनु भएको छ। चिया श्रमिकहरुले कस्को कार्यकालमा सबैभन्दा दुःख कष्ट पाएँ, यो सबै लाई याद रहेको तथा राजा नै भोग र लोभ मा लिप्त भए , प्रजाले दुःख पाउनु स्वभाविक रहेको पनि राईले बताउनु भयो।

****** ० ******

**दिलाराम**

टुङ्ग सन्तमेरिज समष्टि अन्तर्गत दिलाराम चिया बगानस्थित शान्ति गाउँ देखि मार्गेसहोप सेलामेण्डर लेकसम्म लगभग दुई किलोमिटर बाटो सर्वेक्षण कार्य सीपीक्युसी लालकोठी दार्जीलिङबाट गरियो। गाँउबासीको अनुरोधलाई स्वीकार गर्दै जीटीए-का प्रमुख कार्यपाल अनित थापाको पहलमा बाटो निर्माण भइरहेको हुनाले गाउँबासीले जीटीए कार्यपाललाई धन्यवाद टक्र्याएका छन्।

****** ० ******

**ङग्युर**

ङग्युर रीकजिन छोइखोर्लिङ गुम्बा निज गाउँ मगरजोङमा हिजो देखि सुरु गरिएको दुई दिवसीय पूजा आज समापन गरिएको छ। गुम्बाका टुलकुला रिगजिन छेवाङ दोर्जे अनि सुके माजधुरा छोइ खोइलिङ गुम्बाका धर्म गुरु लोपेन दावा कर्म शेर्पाको विशेष उपस्थिति थियो। कार्यक्रममा धर्म बौद्ध गुरु लोपेन दावा कर्म शेर्पा, भूमिदाता नरबहादुर सुब्बा, भक्त नादिरा सुब्बा, मेनिका तामाङ, सुष्मिता राई, रोसनी राई तथा बिज गाउँ अनि निज गाउँ मगरजोङ समाजलाई स्मृति चिन्ह र सम्मान पत्र प्रदान गर्दै भव्य स्वागत जनाइएको थियो।

****** ० ******

**फुटबल**

फुटबल खेलको तेस्रो संस्करण आज चौथो दिनको खेलमा एस एस बी रानीडङ्गाले खरसाङ्ग फुटबल एसोसिएशन तथा खेल अनि युवा मामिला, जी टी ए को तत्वाधान एव खरसाङ्ग नगरपालिकाको सहयोगमा आयोजित गोर्खा चेली 2025 महिला गयेसपुर स्पोर्ट्स फुटबल अकादमी कोलकातालाई1 गोलको विरुद्ध 2 गोलले बिजय प्राप्त गरेको छ।स्थानीय चानमारी मैदान खरसाङ्गमा सम्पन्न खेलमा उत्कृष्ट खेलको निम्ति अनि एस एस बी कि सङ्गिता बास्फोरे लाई श्रीवाङ्देन भुटिया द्वारा पारितोषिक प्रदान गरियो भने कोलकाताको दललाइ स्मृती चिन्ह प्रदान गरियो।

****** ० ******